४

# येशू, परमेश्वरका पुत्र

खीष्टियानिटीको मुटुमा येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने सत्य रहेको छ । खीष्ट हाम्रो धर्मिकताको केन्द्र हुनुहुन्छ । उहाँ हाम्रो विश्वासको जग हुनुहुन्छ (१ कोरिन्थी ३:११), हाम्रो प्रचारको विषय हुनुहुन्छ (प्रेरित ८:३५, १ कोरिन्थी १:२३), हाम्रो स्वीकारको लक्ष्य हुनुहुन्छ (मत्ती १०:३२) र हाम्रो आशाको आधार हुनुहुन्छ (१ तिमोथी १:१) । त्यसकारण, उहाँमा बलियो विश्वास हुनु अनिवार्य छ (यूहन्ना ८:२४) । हामीसँग खीष्टको ईश्वरत्वमा विश्वास गर्नुपर्ने यथेष्ट असल कारणहरू छन् । परमेश्वरले हामीलाई विश्वास गर्नको निम्ति प्रशस्त प्रमाणहरू नदिइकन कुनै कुरा माथि विश्वास गर्नु भनी हामीसँग माग गर्नुभएको पनि छैन (यूहन्ना २०:३१) । प्रमाणहरू बलियो छ, र यसले शताब्दीऔं देखि हजारौंलाई विश्वास गर्न लगाएको छ । यस पाठले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्नुपर्ने केही कारणहरू प्रस्तुत गर्दछ । तिनीहरूलाई होशियारीका साथ जाँच गर्नुहोस् । यदि तपाईसँग पहिले नै बलियो विश्वास छ भने, चेलाहरूले गरे जस्तै चुपचाप प्रार्थना गर्नुहोस्, “प्रभु, मेरो विश्वास बढाइदिनुहोस् ।” यदि तपाई शंकाको बोझले दबिएको हुनुहुन्छ भने मर्कूस ९:२४ मा भूत लागेको ठिटोको बुबाले गरे जस्तै प्रार्थना गर्नुहोस्, “म विश्वास गर्छु, मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।”

## किनभने उहाँले पुरानो करारका भविष्यवाणी पुरा गर्नुभएको छ

येशूको जन्मभन्दा सयौं वर्षअघि गरिएका केही भविष्यवाणीहरूलाई विचार गर्नुहोस् । उहाँको जन्मको भविष्यवाणी गरिएको थियो । उहाँको वंशावलीमा अब्राहम, यहूदा र दाऊद समावेश छन् (उत्पत्ति १२:३)/मत्ती १:२, उत्पत्ति ४९:१०/मत्ती १:२, ६) । अब्राहमका धेरै सन्तानहरू

भएका थिए, तापनि त्यो परिवार भविष्यवाणीमा स्पष्टरुपमा उल्लेख गरिएको छ (यर्मिया २३:५, यशैया ११:१/मत्ती १:६) । उहाँको कन्या कुमारीबाट हुने जन्मको भविष्यवाणी यशैया ७:१४ मा गरिएको थियो र मत्ती १:१८-२५ मा पुराभएको थियो । बेथलेहमलाई उहाँको जन्मस्थानकोरुपमा रोजिएको थियो (मिका ५:२) । उहाँको जन्मको साथै धेरै बालकहरूको हत्या हुनेछ भनेर पनि भविष्यवाणी गरिएको थियो (यर्मिया ३१:१५/मत्ती २:१६-१८) ।

भविष्यवक्ताहरूले उहाँको मिश्र-गमन (होशे ११:१/मत्ती २:१३-१५), उहाँको गालीलको जीवन (यशैया ९:१, २/मत्ती ४:१२-१६) र उहाँको यरुशलेममा हुने विजय-प्रवेशको (जकारिया ९:९/मत्ती २१:१-११) भविष्यवाणीहरू गरेका थिए । उहाँका कामहरूको पनि भविष्यवाणी गरिएको थियो । भविष्यवक्ताहरूले उहाँकोअघि मार्ग तयार गर्ने आउने छन् भनी भविष्यवाणी गरेका थिए (मिका ३:१, यशैया ४०:३/मत्ती ३:१-३) । उनीहरूले उहाँको चंगाईको सेवाकाई (यशैया ५३:४/मत्ती ८:१६, १७), उहाँको दृष्टान्तहरूबाट दिइने शिक्षा (यशैया ६:९, १०/मत्ती १३:१०-१७), उहाँको अन्य जातिहरू माझको अभियान (यशैया ४२:१-४/मत्ती १२:१५-२१) र उहाँ शासकहरूबाट इन्कार गरिनु हुने (भजनसंग्रह ११८:२२/यूहन्ना १:११)बारेमा पनि अगमवाणीहरू गरेका थिए ।

येशूको मृत्यु अगमवाणीमा धेरै विस्तारपूर्वक चित्रण गरिएको थियो । पुरानो कराररले उहाँलाई तीस टुक्रा चाँदीको निम्ति (जकारिया ११:१२/मत्ती २६:१४-१६) एक मित्रबाट धोका हुने (भजनसंग्रह ४१:९/मत्ती २६:४७-५०) कुरा वर्णन गरेको छ । पुरानो धर्मशास्त्रले उहाँले आफ्ना शत्रुहरूकोअघि कस्तो व्यवहार गर्नुहुनेछ (यशैया ५३:७/मत्ती २७:१२, १४), उहाँ कसरी मर्नुहुनेछ (भजनसंग्रह २२:१६/मत्ती २७:३५ क) र उहाँको वस्त्र कसरी गोला हालेर बाँडिने छ (भजनसंग्रह २२:१८/मत्ती २७:३५ ख, ग) भनी भविष्यवाणी गरेको छ । उहाँ मर्न लाग्नुहुँदाको बचनहरू (भजनसंग्रह २२:१/मत्ती २७:४६), उहाँको हड्डी भाँचिने छैन (भजनसंग्रह ३४:२०/यूहन्ना १९:३३), उहाँलाई कोखामा घोंचिने छ (जकारिया १२:१०/यूहन्ना १९:३७), उहाँको गडाई (यशैया ५३:९/मत्ती २७:५७-६०), उहाँको पुनरुत्थान (भजनसंग्रह १६:१०/लूका २४:१-९, प्रेरित २:२५-३२), र उहाँको स्वर्गारोहण (भजनसंग्रह ६८:१८/लूका २४:५०-५३) आदिको पनि

भविष्यवाणी गरिएको थियो ।

भविष्यवक्ताहरूको निम्ति मुक्तिदाता आउँदै हुनुहुन्छ भन्नु तुलनात्मकरुपमा साधारण कुरा थियो । त्यसो भए तापनि जब उनीहरूले तीन सयभन्दा बढी विशेष विवरणहरू भनेका थिए, उनीहरूले निश्चयताको एक खाका बनाएका थिए जसलाई इन्कार गर्न सकिँदैनथ्यो ।

सोच्नुहोस्, ती भविष्यवाणीहरू पुरा हुनुको अर्थ के हो । मानिसको दुरदृष्टि र ज्ञानले चौबिस घण्टा अगाडीका भविष्यको घटनाहरू त पूर्ण निश्चयताका साथ देख्न सक्दैन । राजनैतिक मत सर्वेक्षकहरूले त, देशभरि छरिएका प्रतिनिधीहरूलाई प्रयोग गरेर, कहिलेकाहीँ मात्र निर्वाचनको परिणामको पूर्वानुमान गर्न सक्दछन् ! येशूबारेका यी भविष्यवाणीहरू भनेको कसैले चार सय वर्षपछि को राष्ट्रपति हुन्छ, उसको जन्मस्थान, उसको कुल, उसको शिक्षा, उसको शासनको अवधि र उसको मृत्युको स्थान र प्रकारको भविष्यवाणी गर्नु जस्तै हो ।

साँचो भविष्यवाणीलाई जाँच्न सकिन्छ, किनभने त्यसले भविष्यमा हुने घटनाहरूलाई प्रकट गरेको हुन्छ । त्यसमा विस्तृत वर्णनहरू हुन्छन् जो संयोगले पुरा हुन सक्दैनन् । एक भविष्यवाणी ऐतिहासिकरुपमा पुरा भएपछि मात्र त्यसलाई सही हो भनी हेरिन्छ । कुनै पनि लिखित अथवा मौखिक प्रमाणले पुराभएको भविष्यवाणीबाट आएको त्यो बलियो तर्कलाई पन्छाउन सक्दैनन् । एक पक्षमा यसले येशूमा ईश्वरत्व थियो र अर्को पक्षमा यसले ती भविष्यवाणीहरू लेख्ने प्रेरणाप्राप्त मानिसहरू थिए भनी प्रमाणित गर्दछ ।

## किनभने उहाँको ईश्वरीय जन हुनुहुन्छ भन्ने दावाहरू उहाँका कामहरूसँग मिल्दा छन्

येशूले आफ्नोबारेमा साहसीलो दावाहरू गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो उहाँ अब्राहमभन्दा पहिले अस्तित्वमा हुनुहुन्थ्यो (यूहन्ना ८:५८), उहाँ संसारको सृष्टि हुनुभन्दाअघिबाटै परमेश्वरको साथमा हुनुहुन्थ्यो (यूहन्ना १७:५, २४), उहाँ स्वर्गबाट ओर्लि आउनुभएको हो (यूहन्ना ६:३८, ६२) र स्वर्ग र पृथ्वीमा सबै अधिकार उहाँलाई दिइएको छ (मत्ती २८:१८) । उहाँ पहिले जीवन बिताएका कुनै मानिसको पुनर्जन्म हुनुहुँदैनथ्यो; त्यसको साटो, उहाँ मानिसको रुप लिएर

पृथ्वीमा आउनुभएको परमेश्वर हुनुहुन्थ्यो (यूहन्ना १:१-१८)। धेरै जना जसले उहाँको ईश्वरत्वलाई इन्कार गर्दछन् तापनि उहाँलाई सामान्यतया एक "असल" मानिस भन्ने गर्दछन्। जे भए तापनि उहाँले दावा गर्नु भएअनुसार उहाँ हुनुहुन्थेन भने, उहाँ एक झूठा र एक धोकेबाज हुनुहुन्थ्यो निश्चय नै एउटा "असल" मानिस हुनुहुन्थेन !

उहाँका कामहरूले उहाँको दावी सही थिए भन्ने देखाएको छ। येशूले धेरै आश्चर्यपूर्ण कामहरू गर्नुभएको थियो। बाइबलका इतिहासकारहरूले पनि उहाँको आश्चर्यपूर्ण कामहरूको साक्षी दिएका छन् (मत्ती ११:४, ५, यूहन्ना २०:३०, ३१)। यहाँसम्म कि स्वतन्त्र इतिहासकारहरूले पनि उहाँका आश्चर्यपूर्ण कामहरूको गवाही दिएका छन्।

उहाँका कामहरू उहाँका वचनहरूसँग मिल्ने खालका थिए। उहाँले भन्नुभएको थियो, "म संसारको ज्योति हुँ" (यूहन्ना ८:१२ क), त्यसपछि उहाँले एक अन्धोलाई ज्योति देख्न सक्ने बनाउनुभयो (यूहन्ना ९:६, ७)। उहाँले भन्नुभएको थियो, "जीवनको रोटी म हुँ" (यूहन्ना ६:३५ क) र उहाँले केही रोटी र दुइटा माछाले पाँचहजार मानिसहरूलाई खुवाउनु भयो। उहाँले भन्नुभएको थियो, "पुनरुत्थान र जीवन म नै हुँ" (यूहन्ना ११:२५ क), त्यसपछि उहाँले लाजरसलाई मृतकबाट बौरिउठाउनु भयो (यूहन्ना ११:४३, ४४)।

## किनभने उहाँले एउटा पापरहित जीवन जिउनुभएको थियो

जसले येशूलाई चिनेका थिए उनीहरूले उहाँले एउटा पापरहित जीवन जिउनुभएको थियो भन्ने दावी गरेका छन्। किनभने ती मानिसहरूले परमेश्वरबाट प्रेरणा पाएका थिए !

> किनकी हाम्रा प्रधान पुजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो (हिब्रू ४:१५)।

> उहाँले कुनै पाप गर्नुभएन र उहाँको मुखमा कुनै छलको कुरा पाइएन (१ पत्रुस २:२२)।

जसले उहाँको जीवन अध्ययन गरेका छन् उनीहरूले उहाँलाई असल सम्भन्छन् (लूका १८:१८) । निरन्तर उहाँको गल्ती पत्ता लगाउने प्रयास गरेका उहाँका शत्रुहरूसम्मलाई, उहाँको भलापन थाहा थियो । उहाँले एउटा निकै नै अनौठो कुरा गर्नुभएको थियो–उहाँले तिनीहरूलाई उहाँको जाँच गर्ने र उहाँमा उनीहरूले कुनै गल्ती पाउन सक्छन् कि भनी चुनौती दिनुभएको थियो (यूहन्ना ८:४६ क) ।

उहाँको भलोपनलाई उहाँको मृत्युको समयमा पनि स्वीकार गरिएको थियो । पिलातसको श्रीमती (मत्ती २७:१९), पिलातस (मत्ती २७:२३), हेरोद (लूका २३:१४), क्रूसमा चढाइएको अपराधी (लूका २३:४१), कप्तान (मत्ती २७:५४), र यहूदासम्मको (मत्ती २७:४) कुराहरूलाई विचार गर्नुहोस् ।

## उहाँको जीवनले संसारमा निरन्तर पारेको प्रभावको कारणले

धेरै सम्भनाका कुराहरू प्रभुको दिन (प्रकाश १:१०), प्रभु भोज (१ कोरिन्थी ११:२०-२९, मत्ती २६:२६-२८), बप्तिष्मा (रोमी ६:३-५) र यहाँसम्म कि हाम्रो पात्रोहरूको मिति (ख्रीष्ट पूर्व B.C. र ख्रीष्ट आएपछि A.D.) आदिले उहाँको जीवनलाई सम्मान प्रदान गर्दछन् । मानिसहरूले महान भनी ठान्ने महानताको एउटै चिन्ह नहुँदा पनि उहाँ–प्रश्नरहितरुपमा संसारको महानतम् मानव हुनुहुन्छ । उहाँ ठूलो कूलको पनि हुनुहुन्थेन, औपचारिक शिक्षा लिनुभएको थिएन (यूहन्ना ७:१५), धनसम्पत्ति थिएन; राजनैतिक र सैनिक शक्ति थिएन, र खेलाडीको पराक्रम पनि थिएन, तापनि विगत् बिसौं शताब्दीहरूमा उहाँले मानव जातिमा पार्नुभएको प्रभावमा कसैको कुनै प्रश्न छैन । यदि उहाँ केवल मानिसमात्र हुनुहुन्थ्यो भने, के विश्वले अहिले पनि त्यस्तै एक जना महान व्यक्ति उत्पन्न गर्न सक्दैनथ्यो होला ? यो संसारसँग देखाउनलाई दुइ हजार वर्षको उन्नति छ । हाम्रो यस उन्नत ज्ञानको माभमा, यो संसार वास्तविक नेतृत्वको निम्ति भोको छ । हरेकले येशूलाई हेर्न सक्दछन्; उहाँ त्यो बाटो हुनुहुन्छ । उहाँ सारा मानिसहरूको सबैथोक हुनुहुन्थ्यो र हुनुहुन्छ । "उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ" (यशैया ९:६ ख) ।

## निष्कर्ष

वास्तवमा, येशू परमेश्वरका पुत्र हुनुहुन्छ । उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्नुपर्ने यी कारणहरूलाई अझ बढी जाँच गर्नुहोस् । उहाँ हुनुहुन्छ भनी विश्वास गर्नुहोस्, र उहाँद्वारा तपाईको जीवन परमेश्वरलाई दिनुहोस् ।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ट १ मा छन्)

१. ख्रीष्टियानिटीको केन्द्रबिन्दुमा कुन सत्य रहेको छ ?
२. येशूको जन्म, जीवन र मृत्युको भविष्यवाणीहरू धेरै विस्तृतरुपमा गरिएको छ । त्यसका केही उदाहरणहरू दिनुहोस् ।
३. पूरा भएका भविष्यवाणीहरूले येशूकोबारेमा के प्रमाणित गर्दछन् ?
४. येशूले आफ्नोबारेमा साहसिलो, व्यग्र दावाहरू गर्नुभएको थियो । तिनीहरू मध्ये केही के-के हुन् ?
५. कसरी येशूले आफ्नो वचनहरूसँग मिल्ने कामहरू गर्नुभएको थियो ?
६. येशूको भलोपनलाई स्वीकार गरिएको थियो भन्ने केही उदाहरणहरू दिनुहोस् ।
७. कसरी येशूको जीवनले हाम्रो संसारलाई निरन्तर प्रभाव पारिरहेको छ ?

## शब्द सहायताहरू

**स्वर्गारोहण (उँभो उचालिनु)**–माथि जानु, माथितर्फ उचालिनु । स्वर्गारोहण ख्रीष्ट मृतकबाट बौरी उठ्नुभएपछिको घटना थियो, जसमा उहाँ परमेश्वरसँग बस्न स्वर्गमा लगिनुभएको थियो ।

**ईश्वरत्व**–परमेश्वर; परमेश्वरको गुण, परमेश्वर जस्तै ।

**वंशावली**–पुर्खाहरूको नामावली, येशूको वंशावलीले (मत्ती १:१-१६) उहाँ परमेश्वरले प्रतिज्ञा गर्नुभएको भविष्यवाणी पूरा गर्ने व्यक्ति हुनुहुन्छ भन्ने देखाएको छ ।

**प्रभुको दिन**–हप्ताको पहिलो दिन (आइतबार) नयाँ नियमको मण्डलीले आराधना गर्न छुट्याइएको दिन थियो (प्रेरित २०:७) ।

**प्रभु भोज**–येशूद्वारा सम्भनाको निम्ति स्थापित जसमा अखमिरी रोटी खाने र अंगुरको फलको रस पिउने गरिन्छ (हेर्नुहोस् १ कोरिन्थी ११:२०, २३-२६) । नयाँ नियमको मण्डली यो भोजमा प्रत्येक हप्ताको पहिलो दिन सरिक हुने गर्दथ्यो ।

**पुनरुत्थान**–मरेको व्यक्तिलाई फेरि जीवित बनाई उठाउनु । येशूको पुनरुत्थान, येशूको मृत्युमाथि अधिकार छ र जसले उहाँलाई पछ्याउँछन्, यस पृथ्वीमा उनीहरूको मृत्यु भएपछि, उनीहरू उहाँसँग सदासर्वदा स्वर्गमा बास गर्न सक्षम हुनेछन् भन्ने प्रमाण हो ।